सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
कैलाली, नेपाल

प.स. २०८२/८३
च. न.

मिति: २०८३/०३/३०

**विषय :- स्नातक तहमा छात्रवृत्तिमा अध्ययनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

काठमाडौं विश्वद्यालय केन्दीय कार्यालयको मिति २०८३/०३/०९ को पत्रबाट उक्त विश्वविद्यालयमा शैक्षिक सत्र २०८३-८४ मा स्कूल अफ इन्जनियरिङ र स्कूल अफ साइन्स अन्तर्गतका निम्न अनुसारका कार्यक्रमहरूमा शिक्षण शुल्कमा १००% छात्रवृत्तिमा अध्ययन गर्न चाहने कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त गरेका विद्यार्थीहरूमध्ये हरेक कार्यक्रममा १-१ जना विद्यार्थी (बैकल्पिक उम्मेदवार समेत) छनोट गरी सिफारिस गरिदिन अनुरोध भई आएकोले यस प्रदेशमा स्थायी ठेगाना भएका र सम्बन्धित कार्यक्रमहरूमा भर्ना हुनका लागि काठमाडौं विश्वविद्यालय स्कूल अफ इन्जीनियरीङ/स्कूल अफ साइन्सले तोकेको न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक विद्यार्थीहरूले निम्न अनुसारका कागजातहरू स्पष्ट सँग देखिने गरी एउटै PDF file मा Scan गरी मन्त्रालयको इमेल mosdheducation@gmail.com मा मिति २०८३/०४/१२ गते कार्यालय समय भित्र आईपुग्ने गरी आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८३/०३/३०
लोकेन्द्र प्रसाद भट्ट
(उपसचिव)

निम्न:-

(क) छात्रवृत्ति प्रदान गरिने कार्यक्रमहरू:-

1. B. Sc. in Environmental Science
2. B. Sc. in Agriculture
3. Bachelor in Health Informatics
4. B.E. in Mining Engineering
5. B.E. in Chemical Engineering
6. B.E. in Environmental Engineering

(ख) भर्नाका लागि न्यूनतम् शैक्षिक योग्यता **(Eligibility Criteria)**

१. विज्ञान समूहका विषयहरू लिई कक्षा १२ वा सो सरहको परीक्षामा कम्तिमा GPA 2.0 वा ५०% अङ्क प्राप्त गरी उत्तीर्ण भएको र कार्यक्रमगत रूपमा निम्न योग्यता पुगेको।

सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
कैलाली, नेपाल

| Programs | Eligibility Criteria |
|---|---|
| B.E. in Mining Engineering<br>B.E. in Chemical Engineering<br>B.E. in Environmental Engineering<br>B. Sc. in Environmental Science<br>B. Sc. in Agriculture | - Must have passed with subjects PCM (physics, Chemistry and Mathematics) in both XI and XII (or equivalent)<br>- Students from the Biology Stream must have taken and passed Additional Mathematics for PCM test eligibility. |
| Bachelor in Health Informatics | +2 Science or equivalent or three years in Engineering, Science, Technology and Health Sciences (Nursing, HA, Pharmacy, Lab Technology) |

(ग) संलग्न गर्नुपर्ने कागजातहरू:-

१. सबै विवरण स्पष्ट खुलेको यस सूचना संग संलग्न ढाँचाको निवेदन।

२. कक्षा १०, ११ र १२ को मार्कसीट/ट्रान्सक्रिप्ट तथा स्थानान्तरण प्रमाण पत्र र चारित्रीक प्रमाणपत्र।

३. नेपाली नागरिकताको प्रमाण पत्र (दुवै साईड)।

४. सम्बन्धित वडा कार्यालयबाट जारी गरिएको स्थायी बसोबासको पत्र।

<u>पुनश्च:</u>

१. छात्रवृत्तिको लागि सिफारिस गर्दा कक्षा १२ को GPA का आधारमा गरिनेछ। GPA बाट नछुट्टीएको खण्डमा क्रमशः सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरेको, महिला, दलित र आदिवासी जनजातिलाई प्राथमिकता दिइने छ। यसबाट पनि नछुट्टीएमा कक्षा १० को GPA का आधारमा गरिनेछ।

२. शिक्षण शुल्कमा मात्रै छात्रवृत्ति प्राप्त हुने भएकोले अन्य खर्च र भर्ना सम्बन्धी प्रकृया लगायतका विषयमा थप जानकारी लिनु पर्ने भएमा सम्बन्धित संस्थामा सम्पर्क गर्नु पर्ने छ।

उप-सचिव

# शिक्षण शुल्क छात्रवृत्तिका लागि दिइने निवेदनको ढाँचा

श्रीमान सचिवज्यू
सामाजिक विकास मन्त्रालय
सुदूरपश्चिम प्रदेश ।

मितिः.........................

**विषयः छात्रवृत्तिका लागि सिफारिस गरिपाउँ भन्ने बारे ।**

प्रस्तुत विषयमा काठमाण्डौं विश्वविद्यालयको स्कूल अफ इन्जिनिरिङ / स्कूल अफ साइन्स अन्तर्गत शैक्षिक सत्र २०८३-८४ मा स्नातक तह निःशुल्क (शिक्षण शुल्कमा १००% छात्रवृत्ति) छात्रवृत्तिमा अध्ययन गर्नका लागि इच्छुक भएकोले मलाई उक्त छात्रवृत्तिको लागि सिफारिस गरि दिन हुन तपसिलका विवरण सहित यो निवेदन पेश गरेको छु।

तपसिलः

नाम, थर.................................................. सम्पर्क मोबाइल नं......................................इमेलः...........................
स्थायी ठेगानाः जिल्ला..............................गाउँ/नगरपालिका.............................................वडा नं.......................
अस्थायी ठेगानाः जिल्ला.......................... गाउँ/नगरपालिका ..........................................वडा नं......................
बाबुको नामः................................................ आमाको नामः..........................................................................
जातजाति समूहः दलित/ जनजाति/अन्य :.................................. लिङ्गः..............................
नागरिकता प्रमाण पत्र नं. ......................................................
राष्ट्रिय परिचयपत्र (National ID) नं. ........................................................
उत्तीर्ण गरेको कक्षा तहको GPA/ CGPA र उत्तीर्ण गरेको बर्षः

| | कक्षा १० | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|
| GPA/CGPA | ............ | ............ | ............ |
| उत्तीर्ण गरेको बर्ष | ............ | ............ | ............ |
| अध्ययन गरेको विद्यालयको किसिम (सामुदायिक/संस्थागत) | | | |

अध्ययन गर्न चाहेको कार्यक्रमको प्राथमिकताक्रम

| क्रसं | विषय | प्राथमिकता नं |
|---|---|---|
| १ | B E in Mining Engineering | ............ |
| २ | B E in Chemical Engineering | ............ |
| ३ | BE in Environmental Engineering | ............ |
| ४ | Bachelor in Health Informatics | ............ |
| ५ | B Sc in Environmental Science | ............ |
| ६ | B Sc in Agriculture | ............ |

*बाँयाको तालिकाको प्राथमिकता कोलम भर्दा आफूले अध्ययन गर्न चाहेको पहिलो प्राथमिकतालाई १, दोस्रोलाई २, तेस्रोलाई ३, चौथोलाई ४, पाँचौंलाई ५ र छैठौंलाई ६ लेख्ने । सबै विषयहरुलाई प्राथमिकीकरण गर्ने ।*

माथि उल्लेख गरेका सबै विवरण स्पष्टसँग भरेको छु । उक्त विवरण सत्य छन । शिक्षण शुल्क छात्रवृत्तिमा अध्ययन गर्ने अवसर प्राप्त गरेमा विश्वविद्यालयको नियमानुसार अनुशासित भई अध्ययन कार्य पूरा गर्नेछु । अध्ययन पश्चात देश तथा प्रदेशको समग्र विकासमा योगदान गर्नेछु । अध्ययनको प्रगति विवरण समय समयमा यस मन्त्रालयमा पेश गर्न मेरो मन्जुरी छ ।

विद्यार्थीको औंठाछापः

हस्ताक्षरः
..........................................................

| दायाँ | बायाँ |
|---|---|
| | |